# हाइड्रोइलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड
हात्तीसार, काठमाण्डौ ।

## कम्पनीको सातौं वार्षिक साधारण सभामा भएको काम कारबाहीको विवरण (माइन्यूट)

यस हाइड्रोइलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेडको सातौं वार्षिक साधारण सभा मिति २०७५ साल पौष ३० गते सोमबार विहान ११:०० बजे देखि नेपाल प्रज्ञा प्रतिष्ठानको प्रेक्षालय, कमलादी, काठमाण्डौमा बस्यो। साधारण सभाको उपस्थिति, प्रस्तावहरु, छलफल, सूचना प्रकाशन, गणपूरक संख्या, सभाको वैधानिकता, अध्यक्षता, सभा सञ्चालन तथा प्रतिवेदन प्रस्तुति, निर्णयहरु तथा अन्य काम कारवाहीको विवरण निम्न अनुसार रहेको छः

सभामा उपस्थितिः

<u>सञ्चालकहरुको उपस्थिति</u>

१. श्री दिनेश कुमार घिमिरे -अध्यक्ष
सचिव, उर्जा, जलश्रोत तथा सिंचाइ मन्त्रालय

२. श्री उदयराज सापकोटा -सञ्चालक
सह सचिव, अर्थ मन्त्रालय

३. श्री लीला देवी गड्तौला -सञ्चालक
सह सचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

४. श्री रमण नेपाल -सञ्चालक
कार्यकरी निर्देशक, नागरिक लगानी कोष

५. श्री पराक्रम शर्मा -सञ्चालक
स्वतन्त्र सञ्चालक (चार्टर्ड एकाउन्टेन्ट)

६. डा. ई. मेग बहादुर विश्वकर्मा -सञ्चालक
स्वतन्त्र सञ्चालक (जलविद्युत विशेषज्ञ)

<u>शेयरधनीहरुको उपस्थितिः</u>

संस्थापक शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गरी स्वयम् उपस्थिति – जम्मा ७ जना

१. श्री लक्ष्मी कुमार रिमाल, शाखा अधिकृत
प्रतिनिधि, नेपाल सरकार, अर्थ मन्त्रालय

२. श्री शोभा घिमिरे, शाखा अधिकृत
प्रतिनिधि, नेपाल सरकार, उर्जा, जलश्रोत तथा सिंचाइ मन्त्रालय

३. श्री आरती श्रेष्ठ, शाखा अधिकृत
प्रतिनिधि, नेपाल सरकार, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

४. श्री सुवास चन्द्र शिवाकोटी, उप-महालेखा नियन्त्रक
प्रतिनिधि, नेपाल सरकार, महालेखा नियन्त्रक कार्यालय

५. श्री पूर्ण कुमारी बस्नेत, वरिष्ठ शाखा अधिकृत
प्रतिनिधि, कर्मचारी सञ्चय कोष

६. श्री दिनेश गौतम, सह-व्यवस्थापक
प्रतिनिधि, राष्ट्रिय बीमा संस्थान

७. श्री हरिशचन्द्र श्रेष्ठ, स. अधिकृत
प्रतिनिधि, नागरिक लगानी कोष

सर्वसाधारण शेयरधनीहरु (समूह "ख") को उपस्थिति – ८७७ जना

<u>कम्पनीका कर्मचारीहरुको उपस्थितिः</u>

१. श्री छवि राज पोखेल, प्रमुख कार्यकारी अधिकृत
२. श्री मुक्ति बोध न्यौपाने, नायव महाप्रवन्धक (वित्त)
३. श्री अरुण रजौरिया, नायव महाप्रवन्धक (हाइड्रो)
४. श्री वासुदेव भण्डारी, प्रमुख हाइड्रोपावर इन्जिनियर
५. श्री जिवन कुमार बस्नेत, वित्त विश्लेषक/ कम्पनी सचिव
६. श्री रमेश पनेरु, वरिष्ठ लेखा अधिकृत
७. श्री कौशल राज अधिकारी, वातावरण तथा सामाजिक सुरक्षा अधिकृत
८. श्री दिपक पौडेल, लेखा अधिकृत
९. श्री मोहन जि.सी., सूचना प्रविधि अधिकृत
१०. श्री विरेन्द्र खड्का, कानून अधिकृत
११. श्री आनन्द न्यौपाने, वरिष्ठ सहायक
१२. श्री कमल प्रसाद घिमिरे, व्यवस्थापन सहायक
१३. गौरव कुमार झा, कम्प्युटर टाइपिष्ट
१४. श्री हरि प्रसाद आचार्य, मेसेञ्जर
१५. श्री रिता खनाल, रिसेप्सनिष्ट
१६. श्री मचा गोपाल महर्जन, चालक
१७. श्री दुरुकाजी डंगोल, चालक
१८. श्री हेम माया ढकाल, कार्यालय सहयोगी
१९. श्री देउ कुमारी थापा मगर, कार्यालय सहयोगी
२०. श्री धन माया लामा, कार्यालय सहयोगी

छलफलका विषयहरु:

(क) साधारण प्रस्तावः

१. आ.व. २०७४/७५ को सञ्चालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने।

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०७५ आषाढ मसान्तको वासलात, आ.व. २०७४/७५ को नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण सहितका वित्तीय विवरणहरु उपर छलफल गरी स्वीकृत गर्ने।

३. श्री महालेखापरीक्षकको कार्यालयबाट परामर्श प्रदान गरिए बमोजिम चालु आ.व. २०७५/७६ को लागि लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने।

४. कम्पनीको स्वतन्त्र व्यवसायिक सञ्चालकमा १ (एक) जना मनोनयन गर्ने।

५. सर्वसाधारण समूहबाट प्रतिनिधित्व गर्ने १ (एक) जना सञ्चालकको निर्वाचन गर्ने। (कम्पनीको नियमावलीको नियम २७ को उपनियम (४) तथा कम्पनी ऐन, २०६३ को दफा ९० को उपदफा (२) को प्रतिबन्धात्मक वाक्यांशको क्रमसंख्या (३) मा भएको व्यवस्था अनुसार यस प्रस्ताव अन्तर्गत निर्वाचित हुने सञ्चालकको कार्यकाल २०७७/०९/२९ सम्मको लागि मात्र हुनेछ।)

(ख) विशेष प्रस्तावः

१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम चुक्ता पूँजीको १०% (प्रतिशतका) दरले हुने रु. १,०००,०००,०००।- (अक्षरेपी एक अर्ब मात्र) बराबरको बोनस शेयर प्रदान गर्न स्वीकृति प्रदान गर्ने। साथै सो अनुसार बोनस शेयर जारी गर्दा बोनस शेयरमा लाग्ने कर बराबर हुन आउने रु. २१,०५२,६३१।५८ नगद लाभांश स्वीकृत गर्ने।

२. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम चुक्ता पूँजीको १:१ (एक बराबर एक शेयर) अर्थात १००% (सय प्रतिशत) अनुपातमा हकप्रद शेयर जारी गर्न स्वीकृत गर्ने।

३. कम्पनीको प्रवन्धपत्र, नियमावली तथा सञ्चालनका नीतिगत आधारमा पूँजी बृद्धि लगायतका आवश्यक संशोधन गर्न सञ्चालक समितिलाई अधिकार प्रत्यायोजन गर्ने।

४. कम्पनीको संस्थागत सामाजिक उत्तरदायित्व बहन गर्ने क्रममा जिल्ला सोलुखुम्बु नेचा सल्यान गाउँपालिका स्थित महेन्द्रोदय मा. वि., वि. पि. संस्कृत मा. वि. र राम लक्ष्मण आधारभूत विद्यालयलाई रु. २,९७,९८१।०० (दुई लाख सन्तानब्बे हजार नौ सय एकासी मात्र) को कम्प्युटर सेटहरु वितरण गरिएकोमा सो को अनुमोदन गर्ने।

(ग) विविध।

सभाको सञ्चालन:

यस सातौं वार्षिक साधारण सभाको कार्यक्रम दुई सत्रमा गरिको थियो:

१. पहिलो सत्र – सभाको वैधानिकताको यकिन तथा प्रस्ताव उपर छलफल तथा निर्णय
२. दोश्रो सत्र – सञ्चालक निर्वाचनको कार्यक्रम, मतदान एवं परिणाम घोषणा।

## पहिलो सत्र – सभाको वैधानिकताको यकिन तथा प्रस्ताव उपर छलफल तथा निर्णय

१. सूचना प्रकाशनः

मिति २०७५/०९/०८ गते बसेको सञ्चालक समितिको १७४औं बैठकको निर्णयानुसार कम्पनीको सातौं वार्षिक साधारण सभा सम्बन्धमा कम्पनी ऐन, २०६३ को दफा ६७ तथा कम्पनीको नियमावलीको नियम १८ अनुसार मिति २०७५/९/९ गते प्रथम पटक तथा मिति २०७५/९/१० गते दोश्रो पटक कम्पनी ऐन, २०६३ को दफा ८४ बमोजिमको संक्षिप्त आर्थिक विवरण सहित गरी दुई पटक कारोबार राष्ट्रिय दैनिकमा सूचना प्रकाशन गरी शेयरधनी महानुभावहरुलाई सातौं वार्षिक साधारण सभा हुने मिति, समय, स्थान र छलफल गरिने विषयहरु तथा कम्पनीको संक्षिप्त आर्थिक विवरणका बारेमा जानकारी गराइएको थियो। साथै मिति २०७५/९/२९ गते कारोबार राष्ट्रिय दैनिकमा साधारण सभा तथा मतदान कार्यक्रमको समय तालिकाको सूचना प्रकाशित गरी शेयरधनीहरुलाई जानकारी गराइएको थियो।

यसका अतिरिक्त सातौं वार्षिक साधारण सभा तथा सञ्चालकको निर्वाचन कार्यक्रमका बारेमा शेयरधनीहरुलाई सु-सूचित गराउन विभिन्न सूचना तथा जानकारीहरु कम्पनीको सूचना पाटी र कम्पनीको वेबसाइट www.hidcl.org.np मा समेत नियमित रुपले राखिएको थियो।

२. साधारण सभाको गणपूरक संख्याको आधिकारिकताः

कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा (२) तथा कम्पनीको नियमावलीको नियम २३ मा भएको व्यवस्था अनुसार कम्पनीको बाँडफाँड भएको कुल शेयर संख्याको कम्तीमा ५०% भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तीमा ३ जना शेयरधनी रु स्वयं वा आफ्नो प्रतिनिधि मार्फत उपस्थिति नभई सभाको काम कारवाही हुने छैन भन्ने उल्लेख गरिएकोमा यस सभामा कम्पनीका ७ जना संस्थापक शेयरधनीहरु मध्ये ७ जनाले प्रतिनिधित्व गर्ने ८० प्रतिशत शेयरको प्रतिनिधित्व भएको र सर्वसाधारण शेयरधनीहरु तर्फबाट ८७७ जना शेयरधनीहरुको उपस्थिति भएको यस सभाको हाजिरी पुस्तिकामा देखिएको हुनाले सातौं वार्षिक साधारण सभाको काम कारवाहीका लागि गणपूरक संख्या पुगेको यकिन गरियो।

३. सभा सञ्चालनको लागि वैधानिकताको यकिन तथा सभाको अध्यक्षताः

सातौं वार्षिक साधारण सभा सञ्चालन गर्नको लागि कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा (२) तथा यस कम्पनीको नियमावलीको नियम २३ बमोजिमको गणपूरक संख्या पुगेको कुरा शेयरधनीहरुको हाजिरी पुस्तिकाबाट देखिएको र कम्पनी ऐन, २०६३ को दफा ६९ बमोजिम सभाको वैधानिकता माथि छलफल गर्दा कम्पनी ऐन, २०६३ र कम्पनीको नियमावली बमोजिम शेयरधनीहरुलाई समयमा नै सूचना प्रकाशित गरी जानकारी गराइएको देखिएको हुँदा यस सातौं वार्षिक साधारण सभा रीतपूर्वक बोलाइएको पाईएको भनी उपस्थित शेयरधनीहरुबाट सभाको काम कारवाही गर्न स्वीकृति प्राप्त भए बमोजिम कम्पनी सचिवले जानकारी गराई कम्पनीका नायव महाप्रबन्धक श्री मुक्ति बोध न्यौपानेलाई सभाको काम कारवाही शुरु गर्न आग्रह गर्नु भयो।

श्री मुक्ति बोध न्यौपानेबाट कम्पनीको नियमावलीको नियम १९ मा व्यवस्था भए बमोजिम सातौं वार्षिक साधारण सभाको अध्यक्षता गर्नको लागि यस कम्पनीको सञ्चालक समितिका अध्यक्ष श्री दिनेश कुमार घिमिरेको अध्यक्षतामा यस सातौं वार्षिक साधारण सभाको काम कारवाही शुरु गरियो।

## ४. सभा सञ्चालन तथा सञ्चालक समितिको प्रतिवेदन प्रस्तुतिः

सभाका अध्यक्ष श्री दिनेश कुमार घिमिरेको अनुमतिमा सातौं वार्षिक साधारण सभाको सञ्चालन शुरु गरियो। राष्ट्रिय गानबाट सभाको सञ्चालन शुरु भई सभाका अध्यक्ष श्री दिनेश कुमार घिमिरेबाट द्विप प्रज्वलन गरी कार्यक्रम शुरुवात गरियो।

अध्यक्षको अनुमतिले कम्पनीका प्रमुख कार्यकारी अधिकृत श्री छवि राज पोखेलले उपस्थित शेयरधनीहरु, विभिन्न निकायका प्रतिनिधिहरु लगायत अन्य उपस्थित महानुभावहरुलाई स्वागत गर्नु भई कम्पनीको अवस्थाको बारेमा संक्षिप्त जानकारी गराउनु भयो।

तत्पश्चात सभाका अध्यक्ष श्री दिनेश कुमार घिमिरेले आफ्नो मन्तव्य सहित सञ्चालक समितिको १७४औं बैठकबाट स्वीकृत भए अनुसारको सञ्चालक समितिको वार्षिक प्रतिवेदन सभामा प्रस्तुत गर्नुभयो। सञ्चालक समितिको उक्त प्रतिवेदन सहितको कम्पनीको आ.व. २०७४/७५ का वित्तीय विवरणहरु, लेखापरीक्षकको प्रतिवेदन र कम्पनीको सञ्चालक समितिबाट पेश गरिएका प्रस्तावहरुमा छलफल गर्न र सो सम्बन्धमा कुनै जिज्ञासा, सुझाव आदि भए सभामा व्यक्त गर्न अध्यक्षज्यूले शेयरधनी महानुभावहरुलाई आव्हान गर्नु भयो।

## ५. शेयरधनीहरुको राय तथा सुझावः

सभामा प्रस्तुत गरिएको वार्षिक प्रतिवेदन एवं प्रस्तावहरु उपर छलफल हुँदा निम्न बमोजिमका शेयरधनीहरुले आ-आफ्नो राय, जिज्ञासा र सुझावहरु व्यक्त गर्नु भयोः

१) श्री इन्द्र कृष्ण श्रेष्ठ, शेयरधनीबाट व्यक्त जिज्ञासा/सुझावहरुः

- धेरै जसो ठुला सूचीकृत कम्पनीहरुको वार्षिक साधारण सभा भएकै दिन यस कम्पनीको साधारण सभा राखिएको हुँदा सकेसम्म मिति नजुध्ने गरी साधारण सभा आयोजना गर्न हुन।
- ऋण लगानी गरिएका आयोजनाहरुको निर्माण प्रगति कम देखिएको।
- कम्पनीको नाम अंग्रेजी शब्दको सट्टा नेपालीमा राखिएको भए राम्रो हुने सुझाव।

२) श्री प्रभुलाल अधिकारी, शेयरधनीबाट व्यक्त जिज्ञासा/सुझावहरुः

- कम्पनीको आकार र प्रकृति हेर्दा करारमा मात्र कर्मचारी नियुक्ति गरिने परिपाटीलाई हटाई स्थायी कर्मचारी नियुक्ति गर्ने तर्फ ध्यान पुर्याउनु पर्ने।
- नीजि प्रवर्द्धकहरुमा शेयर लगानी गर्नुको औचित्यता सम्बन्धी जिज्ञासा।

३) श्री उमेश कुमार रेग्मी, शेयरधनीबाट व्यक्त जिज्ञासा/सुझावहरुः

- सहायक कम्पनी रेमिट हाइड्रो लि. बाट निर्माण हुने आयोजनाहरुको प्रगति बारे जिज्ञासा।

- वैदेशिक रोजगारीमा रहेका नेपालीहरुमा रेमिट हाइड्रो लि. मा शेयर लगानी गर्ने सम्बन्धमा के-कसरी सूचना प्रवाह र प्रवर्द्धनका कार्यहरु भइरहेको छ भन्ने जिज्ञासा।
- कम्पनीमा ऋण तथा शेयर लगानीका लागि प्राप्त नयाँ प्रस्तावहरुको बारेमा जिज्ञासा।

सभामा विभिन्न शेयरधनीहरुबाट व्यक्त गरिएका राय एवं सुझावहरुका लागि धन्यवाद दिँदै कम्पनीका प्रमुख कार्यकारी अधिकृत श्री छवि राज पोखेलले शेयरधनीहरुबाट उठेका जिज्ञासाहरुको जवाफ दिनु भयो। श्री छवि राज पोखेलबाट सम्बोधन भएका विषयहरु देहाय बमोजिम छन:

- यस कम्पनीको साधारण सभा हुने दिनमा अन्य केही सूचीकृत कम्पनीहरुको समेत वार्षिक साधारण सभा हुनु संयोग मात्र रहेको।
- ऋण लगानी गरिएका केही जलविद्युत आयोजनाहरुको निर्माण प्रगति कम देखिनुमा सम्बन्धित आयोजनाहरुको विभिन्न कारणहरुले गर्दा भएको। केही आयोजनाहरु निर्माणको अन्तिम चरणमा रहे पनि प्रसारण लाइनको समस्याले गर्दा सम्पन्न हुन नसकेको।
- कम्पनी ऐन, २०६३ को व्यवस्था अनुसार कम्पनीको नेपाली र अंग्रेजी नाम एउटै हुनु पर्ने भएको अवस्थाले गर्दा प्रचलनमा बढी प्रयोग भएको नाम हाइड्रोइलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड (HIDCL) लाई कायम गरिएको।
- कम्पनीको व्यवसाय वृद्धिसँगै आवश्यकता अनुसार कम्पनीको सांगठनिक एवं कर्मचारी संरचनामा परिवर्तन गरिएको र कम्पनीमा महत्वपूर्ण पदहरुमा कर्मचारीहरुको स्थायी नियुक्ति गर्ने सम्बन्धी गृहकार्य भईरहेको।
- कम्पनीको स्थापनाको मूल उद्देश्यहरु मध्ये नीजि क्षेत्रबाट प्रवर्द्धन हुने जलविद्युत आयोजनाहरुमा शेयर लगानी गरी नीजि क्षेत्रको वित्तीय, व्यवस्थापकीय तथा प्राविधिक विकासमा टेवा पुर्याउने रहेको हुनाले र शेयर लगानी मार्फत दीर्घकालीन रुपमा यस कम्पनीका शेयरधनीहरुको प्रतिफल वृद्धि गर्ने समेत उद्देश्य राखी कम्पनीको पाँच वर्षीय व्यवसायिक योजनामा समेत नीजि क्षेत्रबाट प्रवर्द्धन हुने जलविद्युत आयोजनाहरुमा शेयर लगानी गरिने लक्ष्य राखिएको।
- सहायक कम्पनी रेमिट हाइड्रो लि. बाट प्रवर्द्धन हुने ताप्लेजुङ्ग जिल्लामा अवस्थित घुन्सा खोला जलविद्युत आयोजना र सिम्बुवा खोला जलविद्युत आयोजनाको हाल विस्तृत अध्ययन प्रतिवेदन तयार गर्ने कार्य भई रहेको र पहुँच मार्ग निर्माणाधीन रहेको। लक्ष्य अनुसार समयमै आयोजना निर्माण गर्नको लागि कम्पनीले द्रुत गतिमा कार्य गरिरहेको।
- रेमिट हाइड्रो लि. बाट निर्माण हुने माथि उल्लेखित दुई जलविद्युत आयोजनाहरुको विस्तृत अध्ययन प्रतिवेदन तयार भए पश्चात कम्पनीले लागत एवं प्रतिफलको ठोस विवरण सहित वैदेशिक रोजगारीमा रहेका नेपालीहरु माझ सूचना प्रवाह, लगानी साक्षरता एवं आयोजनामा लगानी सम्बन्धी कार्यक्रमहरु लिएर जाने जाने कम्पनीको सोच रहेको।
- कम्पनीमा ऋण तथा शेयर लगानीका लागि प्राप्त आयोजनाहरुको बारेमा संक्षिप्त जानकारी गराइएको।

६. प्रस्तावहरु उपर छलफल तथा निर्णयहरुः

(क) सामान्य प्रस्तावः

प्रस्ताव नं. १: आ.व. २०७४/७५ को सञ्चालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने।

निर्णयः सञ्चालक समितिका तर्फबाट अध्यक्षले प्रस्तुत गर्नु भएको कम्पनीको आ.व. २०७४/७५ को वार्षिक प्रतिवेदन माथि सभामा छलफल गरी पारित गर्न सभामा निर्णयार्थ प्रस्तुत गर्नुभएकोमा उक्त प्रतिवेदन सर्वसम्मतबाट पारित गरियो।

प्रस्ताव नं. २: लेखापरीक्षकको प्रतिवेदन सहित २०७५ आषाढ मसान्तको वासलात, आ.व. २०७४/७५ को नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण सहितका वित्तीय विवरणहरु उपर छलफल गरी स्वीकृत गर्ने।

निर्णयः लेखापरीक्षक चार्टर्ड एकाउन्टेण्ट राजन अधिकारीबाट कम्पनीको आ.व. २०७४/७५ को लेखापरीक्षण कार्य सम्पन्न गरी जारी गरिएको लेखापरीक्षक प्रतिवेदन तथा २०७५ आषाढ मसान्तको वासलात, आ.व. २०७४/७५ को नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण सहितका वित्तीय विवरणहरु उपर छलफल भई सर्वसम्मतबाट पारित गरियो।

प्रस्ताव नं. ३: श्री महालेखापरीक्षकको कार्यालयबाट परामर्श प्रदान गरिए बमोजिम चालु आ.व. २०७५/७६ को लागि लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने।

निर्णयः श्री महालेखापरीक्षकको कार्यालयको मिति २०७५/९/२३ को च.नं. २३६ को पत्रबाट परामर्श प्रदान गरिए बमोजिम कम्पनीको लेखापरीक्षण समितिबाट सिफारिश गरिएका चार्टर्ड एकाउन्टेन्ट श्री राजन अधिकारीलाई चालु आ.व. २०७५/७६ को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक रु. २,५०,०००|- (मु.अ. कर बाहेक) निर्धारण गर्ने प्रस्ताव उपर छलफल भई सर्वसम्मतबाट पारित गरियो।

प्रस्ताव नं. ४: कम्पनीको स्वतन्त्र व्यवसायिक सञ्चालकमा १ (एक) जना मनोनयन गर्ने।

निर्णयः कम्पनीको दोश्रो वार्षिक साधारण सभाबाट स्वतन्त्र व्यवसायिक सञ्चालक (जलविद्युत विशेषज्ञ) को रुपमा नियुक्त हुनुभएका सञ्चालक डा. ई. मेग बहादुर विश्वकर्माको कार्यकाल सकिएको हुँदा कम्पनीको नियमावलीको नियम २९ को उपनियम (२) अनुसार १ (एक) जना स्वतन्त्र व्यवसायिक सञ्चालकको नियुक्तिको लागि कम्तीमा २ (दुई) जना योग्य व्यक्तिहरुको नाम साधारण सभामा प्रस्तुत गर्नुपर्ने व्यवस्था भए बमोजिम सञ्चालक समितिको १७६औं बैठकबाट सिफारिश गरिएका मुख्य उम्मेदवार डा.ई. मेग बहादुर विश्वकर्मा र वैकल्पिक उम्मेदवार ई. आनंन्द प्रधान मध्ये मुख्य उम्मेदवार डा. ई. श्री मेग बहादुर विश्वकर्मालाई आगामी ४ वर्षको लागि कम्पनीको स्वतन्त्र व्यवसायिक सञ्चालक (जलविद्युत विशेषज्ञ) नियुक्त गर्ने सर्वसम्मतिबाट निर्णय गरियो।

प्रस्ताव नं. ५: सर्वसाधारण समूहबाट प्रतिनिधित्व गर्ने १ (एक) जना सञ्चालकको निर्वाचन गर्ने। (कम्पनीको नियमावलीको नियम २७ को उपनियम (४) तथा कम्पनी ऐन, २०६३ को दफा ९० को उपदफा (२) को प्रतिबन्धात्मक वाक्यांशको क्रमसंख्या (३) मा भएको ब्यवस्था अनुसार यस प्रस्ताव अन्तर्गत निर्वाचित हुने सञ्चालकको कार्यकाल २०७७/०९/२९ सम्मको लागि मात्र हुनेछ।)

निर्णयः सर्वसाधारण शेयरधनीहरुबाट सञ्चालक पदको लागि निर्वाचन गर्नको लागि कम्पनीको "सर्वसाधारण शेयरधनीहरुबाट प्रतिनिधित्व गर्ने सञ्चालकको निर्वाचन निर्देशिका, २०७५" बमोजिम सञ्चालक समितिबाट अधिवक्ता श्री शरद राना मगरलाई निर्वाचन अधिकृत नियुक्त गरी निर्वाचन अधिकृतबाट सो निर्देशिका बमोजिम मिति २०७५/९/२३ गते निर्वाचन कार्यक्रमको सूचना जारी गरिएकोमा उक्त निर्वाचन कार्यक्रम अनुसार सर्वसाधारण शेयरधनीहरुको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने १ (एक) जना सञ्चालकको लागि ५ जना शेयरधनीहरु श्री सत्य नारायण प्रजापति, श्री शिव प्रसाद ढुङ्गाना, श्री सुधीर ज्ञवाली, श्री उज्वल कुमार थपलिया र श्री प्रभुलाल अधिकारीले कम्पनीको निर्वाचन अधिकृतको कार्यालयमा उम्मेदवारी दर्ता गराई सञ्चालक पदको निर्वाचनमा प्रतिस्पर्धा गर्नु भएकोले निर्वाचन अधिकृतको नेतृत्वको निर्वाचन समितिले सम्पन्न गरेको मतदान कार्यक्रमबाट जुन उम्मेदवारले सबै भन्दा बढी मत प्राप्त गर्नुहुन्छ वहाँलाई सञ्चालक नियुक्त गर्ने सर्वसम्मतिबाट निर्णय गरियो।

सभाबाट निर्णय भए अनुसार सभाका अध्यक्षज्युले सर्वसाधारण समूहबाट प्रतिनिधित्व गर्ने सञ्चालक पदको लागि आफ्नो मताधिकार प्रयोग गरी सञ्चालक निर्वाचित गराउनुहुन सम्पूर्ण शेयरधनीहरुलाई मतदान कार्यक्रममा भाग लिन आव्हान गर्नु भयो।

(ख) विशेष प्रस्तावः

प्रस्ताव नं. १: सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम चुक्ता पूँजीको १०% (प्रतिशतका) दरले हुने रु. १,०००,०००,०००।-(अक्षरेपी एक अर्ब मात्र) बराबरको बोनस शेयर प्रदान गर्न स्वीकृति प्रदान गर्ने। साथै सो अनुसार बोनस शेयर जारी गर्दा बोनस शेयरमा लाग्ने कर बराबर हुन आउने रु. २१,०५२,६३१।५८ नगद लाभांश स्वीकृत गर्ने।

निर्णयः सञ्चालक समितिबाट विशेष प्रस्तावको रुपमा पेश गरे बमोजिम चुक्ता पूँजीको १०% प्रतिशतका दरले हुने रु. १,०००,०००,०००।-(अक्षरेपी एक अर्ब मात्र) बराबरको बोनस शेयर प्रदान गर्न र सो अनुसार बोनस शेयर जारी गर्दा बोनस शेयरमा लाग्ने कर बराबर हुन आउने रु. २१,०५२,६३१।५८ (अक्षरेपी दुई करोड दश लाख बाउन्न हजार छ सय एकतीस र अन्ठाउन्न पैसा मात्र) नगद लाभांश प्रदान गर्न स्वीकृत गर्ने र कम्पनी ऐन, २०६३ को दफा १८२ को उपदफा (२) को अधिनमा रही नेपाल सरकारको स्वीकृति प्राप्त भए पश्चात वितरण गर्ने सर्वसम्मतिबाट निर्णय भयो।

प्रस्ताव नं. २: **सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम चुक्ता पूँजीको १:१ (एक बराबर एक शेयर) अर्थात १००% (सय प्रतिशत) अनुपातमा हकप्रद शेयर जारी गर्न स्वीकृत गर्ने।**

निर्णय: सञ्चालक समितिबाट विशेष प्रस्तावको रुपमा पेश गरे बमोजिम विशेष प्रस्तावको प्रस्ताव नं. १ बमोजिम वोनश शेयर जारी गरे पश्चात कायम हुन आउने चुक्ता पूँजीको १:१ (एक बराबर एक शेयर) अर्थात १००% (सय प्रतिशत) अनुपातमा हकप्रद शेयर जारी गर्न स्वीकृत गर्ने प्रस्ताव सर्वसम्मतिबाट पारित गरियो।

प्रस्ताव नं. ३: **कम्पनीको प्रवन्धपत्र, नियमावली तथा सञ्चालनका नीतिगत आधारमा पूँजी बृद्धि लगायतका आवश्यक संशोधन गर्न सञ्चालक समितिलाई अधिकार प्रत्यायोजन गर्ने।**

निर्णय: सभाका अध्यक्षज्यूले कम्पनीको प्रवन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्न विशेष प्रस्ताव गर्नु भएकोमा सभामा बृहत छलफल गर्दा देहाय बमोजिमको संशोधन गर्ने र प्रस्तावित संशोधनहरुमा नियमनकारी निकायहरुले फेरबदल गर्न सुझाव वा निर्देशन दिएमा सो अनुरुप आवश्यक संशोधन वा समायोजन गर्न सञ्चालक समितिलाई अधिकार प्रत्यायोजन गर्ने सर्वसम्मतिबाट निर्णय गरियो:

कम्पनीको प्रवन्धपत्रमा आठौं संशोधन:

दफा २ मा:
यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं. १ मा रहनेछ।

द्रफा ५ (१) मा:
कम्पनीको उद्देश्यमा निम्न बमोजिमको उद्देश्य थप गर्ने:
(झ) जलविद्युत क्षेत्रको विकासका लागि नेपाल सरकारद्वारा सञ्चालित पूँजी संकलनका कार्यक्रम वा योजनाहरुको कोष व्यवस्थापकको रुपमा कार्य गर्ने।

दफा ६ (ख) मा:
कम्पनीको तत्काल जारी शेयर पूँजी रु. २२,००,००,००,०००|- (अक्षरेपी बाइस अर्ब रुपैयाँ) हुनेछ। सो पूँजीलाई प्रति शेयर रु. १००|- (अक्षरेपी एक सय रुपैयाँ) दरका २२,००,००,००० (बाइस करोड) थान साधारण शेयरमा विभाजन गरिएको छ।

दफा ६ (ग) मा:
कम्पनीका संस्थापकहरुले तत्काल चुक्ता गर्न कबूल गरेको पूँजी रु. १७,६०,००,००,०००|- (अक्षरेपी सत्र अर्ब साठ्ठी करोड रुपैयाँ) र सर्वसाधारणले चुक्ता गर्न कबूल गरेको पूँजी रु. ४,४०,००,००,०००|- (अक्षरेपी चार अर्ब चालिस करोड रुपैयाँ) हुनेछ।

दफा ६ (घ) मा:

संस्थापक शेयरधनीहरुलाई समूह "क" मा वर्गीकरण गरिएको छ र यो समूहको शेयर स्वामित्व ८० प्रतिशत हुनेछ। यो समूहलाई देहाय बमोजिम २ वटा उप समूहमा विभाजन गरिएको छ:

| क.सं. | संस्थापकको नाम | लिन कबूल गरेको शेयर संख्या (कित्ता) |
|---|---|---|
| उपसमूह क-१ | | |
| १. | नेपाल सरकार, अर्थ मन्त्रालय | ४४०००००० |
| २. | नेपाल सरकार, उर्जा, जलश्रोत तथा सिंचाइ मन्त्रालय | २२०००००० |
| ३. | नेपाल सरकार, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | २२०००००० |
| ४. | नेपाल सरकार, महालेखा नियन्त्रकको कार्यालय | २२०००००० |
| उपसमूह क-२ | | |
| ५. | कर्मचारी सञ्चय कोष | २२०००००० |
| ६. | राष्ट्रिय वीमा संस्थान | २२०००००० |
| ७. | नागरिक लगानी कोष | २२०००००० |

सर्वसाधारणमा विक्री गरिने शेयर खरिद गर्ने शेयरधनीलाई समूह "ख" मा राखिनेछ। यो समूहको शेयर स्वामित्व कम्पनीको जारी पूँजीको बीस प्रतिशत हुनेछ।

दफा ८ (क) मा:

कम्पनीले कारोबार प्रारम्भ गरेको मितिले **पाँच वर्षसम्म** समूह "क" मा रहेको संस्थापक शेयरधनीहरुको शेयर बेचविखन गर्न वा धितोबन्धक राख्न पाइने छैन्।

तर, प्रचलित कानूनको रित पुर्याई विद्यमान शेयर संरचनामा परिवर्तन गरी नयाँ संस्थापक थप गर्न यस व्यवस्थाले बाधा पार्ने छैन।

दफा ११ (६) मा:

यस प्रबन्धपत्रमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि कम्पनीले कम्तीमा २५ मेगावाट भन्दा बढिका मझौला तथा ठूला जलविद्युत परियोजनामा मात्र संस्थापक शेयरधनीका रुपमा लगानी तथा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा ऋण प्रदान गर्नेछ।

तर कुनै बैंक वा बैंकहरुको समूहले लगानी गरिरहेका १० मेगावाट वा सो भन्दा बढीका आयोजनाहरुमा बैंकहरु मार्फत सम्बन्धित बैंकको दायित्वमा कम्पनीबाट ऋण लगानी गर्न वा बैंक तथा वित्तीय संस्थासँगको सहवित्तीयकरणमा १५ देखि २५ मेगावाट सम्मको जलविद्युत आयोजनाहरुमा बढीमा २० करोडसम्म ऋण लगानी गर्ने वा संस्थापक शेयरधनीका रुपमा शेयर लगानी गर्न यस व्यवस्थाले बाधा पुगेको मानिने छैन।

दफा १२ को उपदफा (४) सँग सम्बन्धित अनुसूची "कम्पनी सञ्चालनका नीतिगत आधारहरु" मा:

<u>कम्पनीको नाम:</u>

हाइड्रोइलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड

<u>पूँजीगत संरचना:</u>

प्रतिइकाई शेयर मूल्य १०० रुपैयाँ रहने यस कम्पनीको चुक्ता पूँजीको संरचना निम्नानुसार रहेको छः

| संस्थापकको नाम, ठेगाना | लिन कबूल गरेको शेयर संख्या (कित्ता) | रकम |
|---|---|---|
| समूह "क" (उपसमूह क-१) | | |
| नेपाल सरकार, अर्थ मन्त्रालय | ४४०००००० | ४ अर्ब ४० करोड |
| नेपाल सरकार, उर्जा, जलश्रोत तथा सिंचाइ मन्त्रालय | २२०००००० | २ अर्ब २० करोड |
| नेपाल सरकार, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | २२०००००० | २ अर्ब २० करोड |
| नेपाल सरकार, महालेखा नियन्त्रकको कार्यालय | २२०००००० | २ अर्ब २० करोड |
| उपसमूह क-१ को जम्मा | ११०००००००० | ११ अर्ब |
| समूह "क" (उपसमूह क-२) | | |
| कर्मचारी सञ्चय कोष | २२०००००० | २ अर्ब २० करोड |
| राष्ट्रिय वीमा संस्थान | २२०००००० | २ अर्ब २० करोड |
| नागरिक लगानी कोष | २२०००००० | २ अर्ब २० करोड |
| उपसमूह क-२ को जम्मा | ६६०००००० | ६ अर्ब ६० करोड |
| समूह "क" को जम्मा | १७६०००००० | १७ अर्ब ६० करोड |
| समूह "ख" | | |
| सर्वसाधारण | ४४०००००० | ४ अर्ब ४० करोड |
| समूह "क" र "ख" को कुल जम्मा | २२०००००००० | २२ अर्ब |

कम्पनीको नियमावलीमा आठौं संशोधनः

नियम २ माः

यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं. १ मा रहनेछ।

नियम २९ (२) माः

स्वतन्त्र व्यवसायिक सञ्चालकहरुको नियुक्तिको लागि सञ्चालक समितिले योग्य व्यक्तिहरुको नाम चयन गरी नियुक्तिको लागि साधारण सभामा पेश गर्नु पर्नेछ। यसरी नाम तयार गर्दा जति जना सञ्चालक नियुक्ति हुने हो सो संख्याको कम्तीमा तेब्बर योग्य व्यक्तिहरुको नाम स्वतन्त्र व्यवसायिक सञ्चालक नियुक्तिको लागि साधारण सभामा प्रस्तुत गर्नु पर्नेछ।

कम्पनीको प्रवन्धपत्र तथा नियमावलीमा भएका उपरोक्त संशोधनहरुको तीन महले विवरण यसै माइन्यूटसँग संलग्न गरिएको छ।

प्रस्ताव नं. ४ः **कम्पनीको संस्थागत सामाजिक उत्तरदायित्व बहन गर्ने क्रममा जिल्ला सोलुखुम्बु नेचा सल्यान गाउँपालिका स्थित महेन्द्रोदय मा. वि., वि. पि. संस्कृत मा. वि. र राम लक्ष्मण आधारभूत विद्यालयलाई रु. २,९७,९८१।०० (दुई लाख सन्तानब्बे हजार नौ सय एकासी मात्र) को कम्प्युटर सेटहरु वितरण गरिएकोमा सो को अनुमोदन गर्ने।**

निर्णयः सभाका अध्यक्षज्यूले कम्पनीको संस्थागत सामाजिक उत्तरदायित्व बहन गर्ने क्रममा जिल्ला सोलुखुम्बु नेचा सल्यान गाउँपालिका स्थित महेन्द्रोदय मा. वि., वि. पि. संस्कृत मा. वि. र राम लक्ष्मण आधारभूत विद्यालयलाई रु. २,९७,९८१।०० (दुई लाख सन्तानब्बे हजार नौ सय एकासी मात्र) को कम्प्युटर सेटहरु वितरण गरिएकोमा कम्पनी ऐन, २०६३ को दफा १०५ बमोजिम सो खर्चको अनुमोदन गर्न सभामा विशेष प्रस्ताव पेश गर्नु भएकोमा सर्वसम्मतिबाट प्रस्ताव पारित गरियो।

७. धन्यवाद ज्ञापनः

यस कम्पनीको सातौं वार्षिक साधारण सभामा कम्पनी ऐन, २०६३ तथा कम्पनीको नियमावली अनुसार सूचना प्रकाशित गरी सभा बस्ने मिति, समय र स्थान र सभामा छलफल गरिने प्रस्तावहरु उल्लेख गरिए बमोजिम र कम्पनीका शेयरधनी महानुभावहरुलाई पत्राचार गरे बमोजिम कम्पनीको साधारण सभास्थलमा तोकिएकै समयमा शेयरधनीहरु, कम्पनीका सञ्चालकहरु तथा विभिन्न नियमनकारी निकायका प्रतिनिधिहरु उपस्थित भई सातौं वार्षिक साधारण सभा छलफल गर्ने विषय सूची अनुसार छलफल गरी प्रस्तावहरु पारित भएकोले सभाका अध्यक्षज्यूबाट यस सभामा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरुले सकारात्मक तथा सक्रिय रुपमा छलफलमा सहभागी हुनुका साथै रचनात्मक सुझाव एवं सल्लाह प्रदान गर्नु भएकोमा धन्यवाद प्रदान गर्नु भयो। साथै यस सातौं वार्षिक साधारण सभा व्यवस्थित एवं सफलतापूर्वक सञ्चालन एवं सम्पन्न गर्न भूमिका खेल्नुहुने कम्पनीका सञ्चालकहरु, कम्पनीका प्रमुख कार्यकारी अधिकृत लगायत कम्पनीका सम्पूर्ण कर्मचारीहरु, निर्वाचन अधिकृतहरु तथा अन्य सहयोगीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दै सभाको पहिलो सत्र सम्पन्न भएको र सभाको दोश्रो सत्र अन्तर्गत मतदान कार्यक्रम शुरु हुने घोषणा गर्दै निर्वाचनको लागि निर्वाचन अधिकृत श्री शरद राजभण्डारीलाई निर्वाचन कार्यक्रम शुरु गर्न आव्हान गर्नु भयो।

## दोश्रो सत्र – सञ्चालक निर्वाचनको कार्यक्रम, मतदान एवं परिणाम घोषणा

१. निर्वाचन कार्यक्रम

कम्पनीको सञ्चालक समितिमा कम्पनीका सर्वसाधारण शेयरधनीहरुबाट प्रतिनिधित्व गर्ने १ (एक) जना सञ्चालक पदको लागि निर्वाचन गर्नको लागि कम्पनीको "सर्वसाधारण शेयरधनीहरुबाट प्रतिनिधित्व गर्ने सञ्चालकको निर्वाचन निर्देशिका, २०७५" बमोजिम सञ्चालक समितिबाट अधिवक्ता श्री शरद राना मगरलाई निर्वाचन अधिकृत नियुक्त गरी निर्वाचन अधिकृतबाट सो निर्देशिका बमोजिम मिति २०७५/९/२३ गते निर्वाचन कार्यक्रमको सूचना जारी गरिएको थियो। उक्त निर्वाचन कार्यक्रम अनुसार सर्वसाधारण शेयरधनीहरुको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने १ (एक) जना सञ्चालकको लागि ५ जना शेयरधनीहरु श्री सत्य नारायण प्रजापति, श्री शिव प्रसाद ढुङ्गाना, श्री सुधीर ज्ञवाली, श्री उज्वल कुमार थपलिया र श्री प्रभुलाल अधिकारीले कम्पनीको निर्वाचन अधिकृतको कार्यालयमा उम्मेदवारी दर्ता गराउनु भएकोमा २ (दुई) जना उम्मेदवारहरु श्री सत्य नारायण प्रजापति र श्री प्रभुलाल अधिकारीले मतदान शुरु हुनु अगावै आफ्नो उम्मेदवारी फिर्ता लिनु भएकोले बाँकी ३ (तीन) जना उम्मेदवारहरु श्री शिव प्रसाद ढुङ्गाना, श्री सुधीर ज्ञवाली र श्री उज्वल कुमार थपलियाले निर्वाचनमा प्रतिस्पर्धा गर्नु भएकोले निर्वाचन अधिकृत श्री शरद रानामगरले जानकारी गराई मतदान शुरु गर्नुभयो।

२. मतदान एवं परिणाम घोषणाः

यस मतदानमा जम्मा ३,५३९,६२३ (पैंतीस लाख उनन्चालीस हजार छ सय तेइस) मत खसेको र सो मध्ये उम्मेदवार श्री शिव प्रसाद ढुङ्गानाले जम्मा ७० (सत्तरी) मत, उम्मेदवार श्री सुधीर ज्ञवालीले जम्मा २,५२४,८७२ (पच्चीस लाख चौबिस हजार आठ सय बहत्तर) मत र उम्मेदवार श्री उज्वल कुमार थपलियाले जम्मा १,०१४,६८१ (दश लाख चौध हजार छ सय एकासी) मत प्राप्त गर्नुभएकोमा श्री सुधीर ज्ञवालीले सबै भन्दा बढी मत प्राप्त गरी सर्वसाधारण शेयरधनीहरुको तर्फबाट बाँकी अवधि (२ वर्ष) का लागि सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने सञ्चालक पदमा निर्वाचित हुनुभएको घोषणा निर्वाचन अधिकृत अधिवक्ता श्री शरद राना मगरले गर्नु भयो र नवनिर्वाचित सञ्चालक श्री सुधीर ज्ञवालीले निर्वाचन अधिकृतबाट शपथ ग्रहण गर्नु भयो।

३. सभा विसर्जनः

यस सातौं वार्षिक साधारण सभाको पहिलो सत्र अन्तर्गत सभाको वैधानिकता यकिन भई प्रस्तावहरु उपर छलफल तथा निर्णयहरु भईसकेको र सभाको दोश्रो सत्र अन्तर्गत सञ्चालक पदको मतदान एवं परिणाम घोषणा भई निर्वाचन कार्यक्रम समेत सम्पन्न भइसकेको हुनाले कम्पनीका नायव महाप्रवन्धक श्री मुक्ति बोध न्यौपानेले मतदान कार्यक्रममा भाग लिनुहुने समस्त शेयरधनीहरु, निर्वाचन अधिकृतहरु, कम्पनीका कर्मचारीहरु लगायतलाई धन्यवाद दिँदै कम्पनीको सातौं वार्षिक साधारण सभा सम्पन्न भएको घोषणा गर्नुभयो।

## हाइड्रोइलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लि. को

## प्रवन्ध पत्रमा भएको आठौं संशोधनको तीन महले विवरण

| साविक | संशोधित | संशोधन गर्नुको कारण |
|---|---|---|
| दफा २ मा<br>यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौ उपत्यका भित्र रहनेछ। | दफा २ मा<br>यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं. १ मा रहनेछ। | कम्पनीको कार्यालय स्थानान्तरण भएकोले। |
| दफा ५ (१) मा<br>कम्पनीको उद्देश्य | दफा ५ (१) मा<br>कम्पनीको उद्देश्यमा निम्न बमोजिमको उद्देश्य थप गर्नेः<br>(झ) जलविद्युत क्षेत्रको विकासका लागि नेपाल सरकारद्वारा सञ्चालित पूँजी संकलनका कार्यक्रम वा योजनाहरुको कोष व्यवस्थापकको रुपमा कार्य गर्ने। | कम्पनीको व्यवसाय वृद्धिको योजना अनुसार आवश्यक भएकोले। |
| दफा ६ (ख) मा<br>कम्पनीको तत्काल जारी शेयर पूँजी रु. १०,००,००,००,०००\|- (अक्षरेपी दश अर्ब रुपैयाँ) हुनेछ। सो पूँजीलाई प्रति शेयर रु. १००\|- (अक्षरेपी एक सय रुपैयाँ) दरका १०,००,००,००० (दश करोड) थान साधारण शेयरमा विभाजन गरिएकोछ । | दफा ६ (ख) मा<br>कम्पनीको तत्काल जारी शेयर पूँजी रु. २२,००,००,००,०००\|- (अक्षरेपी बाइस अर्ब रुपैयाँ) हुनेछ। सो पूँजीलाई प्रति शेयर रु. १००\|- (अक्षरेपी एक सय रुपैयाँ) दरका २२,००,००,००० (बाइस करोड) थान साधारण शेयरमा विभाजन गरिएको छ । | कम्पनीको व्यवसाय वृद्धिको योजना अनुसार थप पूँजी आवश्यक परेकोले। |
| दफा ६ (ग) माः<br>कम्पनीका संस्थापकहरुले तत्काल चुक्ता गर्न कबूल गरेको पूँजी रु. ८,००,००,००,०००\|- (अक्षरेपी आठ अर्ब रुपैयाँ) र सर्वसाधारणले चुक्ता गर्न कबूल गरेको पूँजी रु. २,००,००,००,०००\|- (अक्षरेपी दुई अर्ब रुपैयाँ) हुनेछ। | दफा ६ (ग) माः<br>कम्पनीका संस्थापकहरुले तत्काल चुक्ता गर्न कबूल गरेको पूँजी रु. १७,६०,००,००,०००\|- (अक्षरेपी सत्र अर्ब साठ्ठी करोड रुपैयाँ) र सर्वसाधारणले चुक्ता गर्न कबूल गरेको पूँजी रु. ४,४०,००,००,०००\|- (अक्षरेपी चार अर्ब चालिस करोड रुपैयाँ) हुनेछ। | कम्पनीको व्यवसाय वृद्धिको योजना अनुसार थप पूँजी आवश्यक परेकोले। |

**दफा ६ (घ) मा:**

संस्थापक शेयरधनीहरुलाई समूह "क" मा वर्गीकरण गरिएको छ र यो समूहको शेयर स्वामित्व ८० प्रतिशत हुनेछ। यो समूहलाई देहाय बमोजिम २ वटा उप समूहमा विभाजन गरिएको छ:

उपसमूह क-१

| क.सं. | संस्थापकको नाम | लिन कबूल गरेको शेयर संख्या (कित्ता) |
|---|---|---|
| १. | नेपाल सरकार, अर्थ मन्त्रालय | २०००००००० |
| २. | नेपाल सरकार, उर्जा मन्त्रालय | १००००००० |
| ३. | नेपाल सरकार, कानून, न्याय संविधानसभा तथा संसदीय मामिला मन्त्रालय | १००००००० |
| ४. | नेपाल सरकार, महालेखा नियन्त्रकको कार्यालय | १००००००० |
| | उपसमूह क-२ | |
| ५. | कर्मचारी सञ्चयकोष | १००००००० |
| ६. | राष्ट्रिय वीमा संस्थान | १००००००० |
| ७. | नागरिक लगानी कोष | १००००००० |

सर्वसाधारणमा विक्री गरिने शेयर खरिद गर्ने शेयरधनीलाई समूह "ख" मा राखिनेछ। यो समूहको शेयर स्वामित्व कम्पनीको जारी पूँजीको बीस प्रतिशत हुनेछ।

**दफा ६ (घ) मा:**

संस्थापक शेयरधनीहरुलाई समूह "क" मा वर्गीकरण गरिएको छ र यो समूहको शेयर स्वामित्व ८० प्रतिशत हुनेछ। यो समूहलाई देहाय बमोजिम २ वटा उप समूहमा विभाजन गरिएको छ:

| क.सं. | संस्थापकको नाम | लिन कबूल गरेको शेयर संख्या (कित्ता) |
|---|---|---|
| | उपसमूह क-१ | |
| १. | नेपाल सरकार, अर्थ मन्त्रालय | ४४०००००० |
| २. | नेपाल सरकार, उर्जा, जलश्रोत तथा सिंचाइ मन्त्रालय | २२०००००० |
| ३. | नेपाल सरकार, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | २२०००००० |
| ४. | नेपाल सरकार, महालेखा नियन्त्रकको कार्यालय | २२०००००० |
| | उपसमूह क-२ | |
| ५. | कर्मचारी सञ्चय कोष | २२०००००० |
| ६. | राष्ट्रिय वीमा संस्थान | २२०००००० |
| ७. | नागरिक लगानी कोष | २२०००००० |

सर्वसाधारणमा विक्री गरिने शेयर खरिद गर्ने शेयरधनीलाई समूह "ख" मा राखिनेछ। यो समूहको शेयर स्वामित्व कम्पनीको जारी पूँजीको बीस प्रतिशत हुनेछ।

कम्पनीको पूँजी वृद्धि भएसँगै विभिन्न समूहको शेयर संख्या वृद्धि हुने भएकोले र केही संस्थापक शेयरधनीको नाम परिवर्तन भएकोले।

| | | |
|---|---|---|
| दफा ८ (क) माः<br>कम्पनीले कारोबार प्रारम्भ गरेको मितिले पाँचवर्षसम्म कम्पनीको शेयर बेचबिखन गर्न वा धितोबन्धक राख्न पाइने छैन्।<br>तर, प्रचलित कानूनको रित पुर्याई विद्यमान शेयर संरचनामा परिवर्तन गरी नयाँ संस्थापक थप गर्न यस व्यवस्थाले बाधा पार्ने छैन। | दफा ८ (क) माः<br>कम्पनीले कारोबार प्रारम्भ गरेको मितिले पाँच वर्षसम्म समूह "क" मा रहेको संस्थापक शेयरधनीहरुको शेयर बेचबिखन गर्न वा धितोबन्धक राख्न पाइने छैन्।<br>तर, प्रचलित कानूनको रित पुर्याई विद्यमान शेयर संरचनामा परिवर्तन गरी नयाँ संस्थापक थप गर्न यस व्यवस्थाले बाधा पार्ने छैन। | कम्पनीको सर्वसाधारणमा बिक्री गरिएका समूह "ख" मा रहेका शेयर सूचीकृत भई धितोपत्र बजारमा बिक्री वितरण भएकाले। |
| दफा ११ (६) माः<br>यस प्रबन्धपत्रमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि कम्पनीले कम्तीमा २५ मेगावाट भन्दा बढिका मझौला तथा ठूला जलविद्युत परियोजनामा मात्र संस्थापक शेयरधनीका रुपमा लगानी तथा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा ऋण प्रदान गर्नेछ।<br>तर कुनै बैंक वा बैंकहरुको समूहले लगानी गरिरहेका १० मेगावाट वा सो भन्दा बढीका आयोजनाहरुमा बैंकहरु मार्फत सम्बन्धित बैंकको दायित्वमा कम्पनीबाट ऋण लगानी गर्न वा बैंक तथा वित्तिय संस्थासँगको सहवित्तियकरणमा १५-२५ मेगावाट सम्मको जलविद्युत आयोजनाहरुमा बढिमा २० करोडसम्म ऋण लगानी गर्न यस व्यवस्थाले बाधा पुगेको मानिने छैन। | दफा ११ (६) माः<br>यस प्रबन्धपत्रमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि कम्पनीले कम्तीमा २५ मेगावाट भन्दा बढिका मझौला तथा ठूला जलविद्युत परियोजनामा मात्र संस्थापक शेयरधनीका रुपमा लगानी तथा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा ऋण प्रदान गर्नेछ।<br>तर कुनै बैंक वा बैंकहरुको समूहले लगानी गरिरहेका १० मेगावाट वा सो भन्दा बढीका आयोजनाहरुमा बैंकहरु मार्फत सम्बन्धित बैंकको दायित्वमा कम्पनीबाट ऋण लगानी गर्न वा बैंक तथा वित्तीय संस्थासँगको सहवित्तीयकरणमा १५ देखि २५ मेगावाट सम्मको जलविद्युत आयोजनाहरुमा बढिमा २० करोडसम्म ऋण लगानी गर्न वा संस्थापक शेयरधनीका रुपमा शेयर लगानी गर्न यस व्यवस्थाले बाधा पुगेको मानिने छैन। | सञ्चालक समितिबाट कम्पनीको स्वपूँजी लगानी सम्बन्धी कार्यविधि, २०७५ स्वीकृत भई लागू भएकोले र व्यवसाय विस्तारको योजना अनुसार स्वपूँजीमा लगानी गर्नुपर्ने भएकोले। |

दफा १२ को उपदफा (४) संग सम्बन्धित अनुसूची "कम्पनी सञ्चालनका नीतिगत आधारहरु" मा:

<u>कम्पनीको नाम:</u>
जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेड

<u>(क) पूँजीगत संरचना</u>
प्रतिइकाई शेयर मूल्य १०० रुपैयाँ रहने यस कम्पनीको चुक्ता पूँजीको संरचना निम्नानुसार रहेको छ:

| संस्थापकको नाम, ठेगाना | लिन कबूल गरेको शेयर संख्या (कित्ता) | रकम | कैफियत |
|---|---|---|---|
| समूह "क" (उपसमूह क-१) | | | |
| नेपाल सरकार, अर्थ मन्त्रालय | २०००००० | २ अर्ब | |
| नेपाल सरकार, उर्जा मन्त्रालय | १०००००० | १ अर्ब | |
| नेपाल सरकार, कानून, न्याय संविधानसभा तथा संसदीय मामिला मन्त्रालय | १०००००० | १ अर्ब | |

दफा १२ को उपदफा (४) संग सम्बन्धित अनुसूची "कम्पनी सञ्चालनका नीतिगत आधारहरु" मा:

<u>कम्पनीको नाम:</u>
हाइड्रोइलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड

<u>(क) पूँजीगत संरचना</u>
प्रतिइकाई शेयर मूल्य १०० रुपैयाँ रहने यस कम्पनीको चुक्ता पूँजीको संरचना निम्नानुसार रहेको छ:

| संस्थापकको नाम, ठेगाना | लिन कबूल गरेको शेयर संख्या (कित्ता) | रकम |
|---|---|---|
| समूह "क" (उपसमूह क-१) | | |
| नेपाल सरकार, अर्थ मन्त्रालय | ४४०००००० | ४ अर्ब ४० करोड |
| नेपाल सरकार, उर्जा, जलश्रोत तथा सिंचाइ मन्त्रालय | २२०००००० | २ अर्ब २० करोड |
| नेपाल सरकार, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | २२०००००० | २ अर्ब २० करोड |
| नेपाल सरकार, महालेखा नियन्त्रकको कार्यालय | २२०००००० | २ अर्ब २० करोड |

प्रवन्धपत्रको सातौं संशोधनबाट कम्पनीको नाम परिवर्तन भएकोले

कम्पनीको पूँजी वृद्धि भएसँगै विभिन्न समूहको शेयर संख्या वृद्धि हुने भएकोले र केही संस्थापक शेयरधनीको नाम परिवर्तन भएकोले।

| | | |
|---|---|---|
| नेपाल सरकार, महालेखा नियन्त्रकको कार्यालय | १००००००० | १ अर्ब |
| उपसमूह क-१ को जम्मा | ५००००००० | ५ अर्ब |
| समूह "क" (उपसमूह क-२) | | |
| कर्मचारी सञ्चयकोष | १००००००० | १ अर्ब |
| राष्ट्रिय बीमा संस्थान | १००००००० | १ अर्ब |
| नागरिक लगानी कोष | १००००००० | १ अर्ब |
| उपसमूह क-२ को जम्मा | ३००००००० | ३ अर्ब |
| समूह "क" को जम्मा | ८००००००० | ८ अर्ब |
| समूह "ख" | | |
| सर्वसाधारण | २००००००० | २ अर्ब |
| समूह "क" र "ख" को कुल जम्मा | १०००००००० | १० अर्ब |

| | | |
|---|---|---|
| उपसमूह क-१ को जम्मा | ११००००००० | ११ अर्ब |
| समूह "क" (उपसमूह क-२) | | |
| कर्मचारी सञ्चय कोष | २२०००००० | २ अर्ब २० करोड |
| राष्ट्रिय बीमा संस्थान | २२०००००० | २ अर्ब २० करोड |
| नागरिक लगानी कोष | २२०००००० | २ अर्ब २० करोड |
| उपसमूह क-२ को जम्मा | ६६०००००० | ६ अर्ब ६० करोड |
| समूह "क" को जम्मा | १७६०००००० | १७ अर्ब ६० करोड |
| समूह "ख" | | |
| सर्वसाधारण | ४४०००००० | ४ अर्ब ४० करोड |
| समूह "क" र "ख" को कुल जम्मा | २२००००००० | २२ अर्ब |

**हाइड्रोइलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लि.**

को

**नियमावलीमा भएको आठौं संशोधनको तीन महले विवरण**

| सविक | संशोधित | संशोधन गर्नुको कारण |
|---|---|---|
| नियम २ मा<br>यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौ जिल्ला काठमाण्डौ उपत्यका भित्र रहनेछ। | नियम २ मा<br>यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं. १ मा रहनेछ। | कम्पनीको कार्यालय स्थानान्तरण भएकोले। |
| नियम २९ (२) मा<br>स्वतन्त्र व्यवसायिक सञ्चालकहरुको नियुक्तिको लागि सञ्चालक समितिले योग्य व्यक्तिहरुको नाम चयन गरी नियुक्तिको लागि साधारण सभामा पेश गर्नु पर्नेछ। यसरी नाम तयार गर्दा जति जना सञ्चालक नियुक्ति हुने हो सो संख्याको कम्तीमा दोब्बर योग्य व्यक्तिहरुको नाम स्वतन्त्र व्यवसायिक सञ्चालक नियुक्तिको लागि साधारण सभामा प्रस्तुत गर्नु पर्नेछ। | नियम २९ (२) मा<br>स्वतन्त्र व्यवसायिक सञ्चालकहरुको नियुक्तिको लागि सञ्चालक समितिले योग्य व्यक्तिहरुको नाम चयन गरी नियुक्तिको लागि साधारण सभामा पेश गर्नु पर्नेछ। यसरी नाम तयार गर्दा जति जना सञ्चालक नियुक्ति हुने हो सो संख्याको कम्तीमा तेब्बर योग्य व्यक्तिहरुको नाम स्वतन्त्र व्यवसायिक सञ्चालक नियुक्तिको लागि साधारण सभामा प्रस्तुत गर्नु पर्नेछ। | कम्पनी निर्देशिका, २०७३ को दफा ४९ को उपदफा (४) मा भएको ब्यवस्था अनुसार आवश्यक भएकोले। |